जिल्ला प्रशासन कार्यालय रौतहटबाट वार्षिक रुपमा प्रकाशित

# प्रशासन वुलेटिन २०७६

वर्ष १, अंक १, २०७५ (श्रावण १ देखि असाढ मसान्त सम्म)



(जिल्ला प्रशासन कार्यालयको फोटो)

## प्रमुख जिल्ला अधिकारीको अनुरोध



रौतहट जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्नु, नागरिकता तथा राहदानी वितरण गर्नु, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्नु, विपद् व्यवस्थापन सम्बन्धि कार्य गर्नु, सुशासन कायम गर्नु, सार्वजानिक शान्ति विरुद्धका कसुरहरुमा अर्धन्यायिक निकायको रुपमा निर्णय गर्नु साथै विकासात्मक कार्यहरुमा समन्वय, सहजीकरण गर्नु, अन्तराष्ट्रिय सिमा तथा सिमा स्तम्भ अवलोकन निरिक्षण गर्नु जिल्ला प्रशासन कार्यालय रौतहटका मुख्य मुख्य कार्यहरु हुन् । यस कार्यालयबाट सम्पादित सम्पूर्ण कार्यहरुका वारेमा सरोकारवालाहरुलाइ सुसूचित गराइ प्राप्त पृष्ठपोषण केन्द्रमा पठाई केन्द्र र जिल्ला बीचको पुलको रुपमा कार्य गरी नागरिकेन्द्रीत सार्वजानिक प्रशासन सञ्चालनका लागि २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्त सम्मको कार्यसम्पादन अवस्था उल्लेख गरी बार्षिक वुलेटीन प्रकाशन गरिएको छ । आगामी दिनमा जिल्ला प्रशासन कार्यालयले सम्पादन गरेका गतिविधिहरुका साथै जिल्लास्थित सरकारी निकायहरुबाट भएका असल अभ्यासहरुलाइ समेत समावेश गरिनेछ । सेवाग्राही तथा अन्य सरोकारवाला व्यक्ति/निकायबाट प्राप्त सुझावका आधारमा वुलेटिनमा समावेश गर्नुपर्ने विषयवस्तुहरु समावेश गर्दै लगिने व्यहोरा अनुरोध गर्न चाहन्छौं ।

## रौतहट जिल्ला: परिचय


| सल्लाहकार | सम्पादक समूह | कम्प्युटर |
|---|---|---|
| किरण थापा | प्र.अ. छोटेलाल दास | क.अ. विनय कुमार मल्लिक |
| प्रमुख जिल्ला अधिकारी | प्र.अ. शशि मोहन दास | स.क.अ. रुपेश प्रसाद यादव |
| | ना.सु. रामस्वार्थ राय यादव | |
| | ना.सु. राम नरेश साह | |

## रौतहट जिल्लाको परिचय

### १. भौगोलिक अवस्थिति:


- क्षेत्र : तराई
- अक्षांश : २६.०४४' देखि २७.१४' उत्तरसम्म
- देशान्तर : ८५.१४' देखि ८५.३०' पूर्वसम्म
- सिमाना : पूर्व - सर्लाही
  पश्चिम - बारा
  उत्तर - मकवानपुर र सिन्धुली
  दक्षिण - भारत
- क्षेत्रफल : ११२६ वर्ग कि.मि. (१०३७०९ हेक्टर)
- लम्बाई :- सरदर ५१.२ कि.मी.

### २. राजनैतिक विभाजन :

- प्रदेश : २ (दुई)
- स्थानीय तह : १६ नगरपालिका र २ गाँउपालिका

| सि.न. | गा.पा./न.पा.हरुको नाम | क्षेत्रफल (वर्ग कि मि) | जनसंख्या | केन्द्र |
|---|---|---|---|---|
| १ | गौर नगरपालिका | २१.५३ | ३४९३७ | गौर |
| २ | गरुडा नगरपालिका | ४४.४६ | ५०४८१ | गरुडा |
| ३ | चन्द्रपुर नगरपालिका | २४९.६ | ७२०५९ | चन्द्रनिगाहपुर |
| ४ | गुजरा नगरपालिका | १५०.३३ | ४६५९२ | सिमरा भवानीपुर |
| ५ | बृन्दावन नगरपालिका | ९५.४ | ४२७३५ | बिश्रामपुर |
| ६ | फतुवा विजयपुर नगरपालिका | ६५.२४ | ३६५३३ | फतुहा हर्षाहा |
| ७ | कटहरिया नगरपालिका | ४०.६९ | ३८४१३ | कटहरिया |
| ८ | मौलापुर नगरपालिका | ३४.७५ | २६४३१ | पतौरा |
| ९ | बौधीमाई नगरपालिका | ३५.३४ | ३६२६५ | सरमुजवा |
| १० | परोहा नगरपालिका | ३७.४५ | ३७४५३ | लौकाहा |
| ११ | राजपुर नगरपालिका | ३१.४१ | ४२५७४ | राजपुर फरहदवा |
| १२ | ईशनाथ नगरपालिका | ३५.१७ | ४१४३५ | औरैया |
| १३ | माधवनारायण नगरपालिका | ४८.५५ | ३५१७५ | माधोपुर |
| १४ | गढीमाई नगरपालिका | ४८.३७ | ४०४१० | समनपुर |
| १५ | देवाही गोनाही नगरपालिका | ३३.९९ | ३२१४३ | प्रेमपुर गोनाही |
| १६ | राजदेवी नगरपालिका | २८.२१ | ३१२९२ | राजदेवी |
| १७ | यमुनामाई गाउँपालिका | १६.०७ | २३८८४ | सरुअठा |
| १८ | दुर्गा भगवती गाउँपालिका | १९.०८ | २२५९९ | गंगा पिपरा |

- निर्वाचन क्षेत्र :४ प्रतिनिधि सभा ,८ प्रदेश सभा
- जिल्ला सदरमुकाम : गौर
- जनसंख्या : ६८६७२२, मध्ये महिला --३३५६४३ जना, पुरुस ३५१०७९ जना




**३. धार्मिक/ऐतिहासिक/पदमार्ग/ पर्यटकीय क्षेत्र**

- राजदेवी मन्दिर
- शिव नगर महादेव मन्दिर
- पौराई ब्रहमस्थान
- धनसर सिमसार क्षेत्र
- पुरेनवा दरवार
- नुनथर
- बरहवा ताल
- हजमिनिया दरवार

**४. धर्म (प्रतिशतमा)**

हिन्दु: ७७

मुस्लिम: २०

बौद्ध : २

अन्य : १

**<u>जिल्ला प्रशासन कार्यालय रौतहट: मुख्य कार्य तथा प्रयासहरु</u>**

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । स्थानीय प्रशासन ऐन २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने,नागरिकता तथा राहदानी वितरण गर्ने, स्थानीय प्रशासन सम्बन्धि कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने,

सार्वजानिक शान्ति विरुद्धका कसुरहरुमा अर्धन्यायिक निकायको रुपमा सुरु कार्वाही र न्यायिक निर्णय गर्ने साथै विकासात्मक कार्यहरुमा समन्वय एंव सहजीकरण गर्ने जिल्ला प्रशासन कार्यालय रौतहटका मुख्य मुख्य कार्यहरु हुन ।

**क. जिल्ला प्रशासन कार्यालय, रौतहटबाट प्रवाह गरिने सेवा/कार्यहरु :**

**१. शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बन्धि कार्य:**

- शान्ति सुरक्षा कायम गर्ने,
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदायस्तरसम्म सचेतीकरण गर्ने ,
- सुरक्षा निकायहरुको परिचालन गर्ने,
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरुसंग सहकार्य गर्ने,

**२. स्थानीय प्रशासन सम्वन्धी कार्य :**

- संघ संस्था दर्ता, नविकरण, विधान संशोधन, शाखा खोल्ने अनुमति तथा नियमन  गर्ने,
- हातहतियार इजाजत, नामसारी, नविकरण र स्वामित्व हस्तान्तरण  गर्ने,
- विष्फोटक पदार्थ प्रयोगको इजाजत, नविकरण तथा नियमन गर्ने
- सार्वजानिक सम्पत्तिको अभिलेख संरक्षण तथा व्यवस्थापन गर्ने
- सिमा तथा सिमा स्तम्भ निरिक्षण गर्ने र प्रतिवेदन पठाउने
- नाम, थर वा उमेर आदि प्रमाणित गर्ने
- नावालकको उमेर प्रमाणित  गर्ने/नावालक परिचयपत्र प्रदान गर्ने
- दलित, आदिवासी, जनजाति सिफारिस/प्रमाणित गर्ने
- पत्रपत्रिका दर्ता गर्ने,
  - छापाखाना दर्ता गर्ने,
  - भारतीय तथा ब्रिटिस लाहुरेहरुको रहलपहल रकम तथा पेन्सन कागज सिफारिस
  - पारिवारिक विवरण प्रमाणित गर्ने,

**३. राहदानी सम्वन्धी कार्य:**

- राहदानी फाराम संकलन गर्ने,
- द्रुत सेवा अभिलेख प्रमाणित गर्ने,
- राहदानी वितरण गर्ने,
- MRP को विवरण संशोधन गर्न सिफारिश गर्ने

**४.नागरिकता सम्वन्धी कार्य:**

- वंशजको आधारमा नागरिकताको प्रमाण पत्र वितरण गर्ने,
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण गर्ने,
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण गर्ने,

- तात्विक फरक नपर्ने गरी थर, तथा जन्म मिति संशोधन गर्ने र SLC को शैक्षिक योग्यता र ना.प्र. प्रमाणपत्रमा उमेर फरक भएमा ना.प्र.प.को आधारमा शैक्षिक योग्यता प्रमाणपत्र संशोधन गर्न निर्णय पर्चा खडा गरी सिफारिश गर्ने ।

**५.अर्ध न्यायिक कार्य:**

- सार्वजानिक शान्ति विरुद्वका कसुरहरुको सुरु कार्वाही तथा न्यायिक निर्णय गर्ने ।
- विशेष ऐनमा मुद्दा हेर्ने अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी तोकिएका कसुरहरुमा सुरु कार्वाही तथा न्यायिक निर्णय गर्ने तथा अनुसन्धान अधिकृत तोक्ने

**६.वजार अनुगमन/उपभोक्ता हित सम्बन्धि कार्य:**

- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति,पहुँच तथा गुणस्तर सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन गर्ने ।
- उपभोक्ता हित संरक्षणका लागि सचेतीकरण गर्ने ।

**७.विपद् व्यवस्थापन सम्वन्धी कार्य:**

- जिल्ला विपद व्यवस्थापन समितिको वैठक सञ्चालन तथा व्यवस्थापन गर्ने,
- विपद् जोखिम न्यूनिकरण तथा  व्यवस्थापनका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वियन गर्ने/ गराउने,
- मनसुन आपतकालीन कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने/ गराउने,
- विपद् क्षती विवरण संकलन तथा विपद् पीडितहरुलाई राहत वितरण गर्ने र पुनर्स्थापना सम्बन्धी कार्य गर्ने ।

**८.अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी कार्य :**

- अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरुको छानविन/विस्तृत अनुसन्धान तथा कार्वाही सम्वन्धी कार्य गर्न लेखि आए बमोजिम छानवीन गरी प्रतिवेदन पठाउने र कारवाही गर्न लेखि आएमा कारवाही गर्ने ।

**९. विविध कार्य:**

- घुम्ती सेवा तथा सार्वजिनक सुनुवाई गर्ने,
- छिमेकी जिल्लासंग समन्वय गर्न अन्तर जिल्ला समन्वय बैठक गरी समन्वय गर्ने,
- जिल्ला दररेट समितिको बैठक राखी दररेट निर्धारण गर्ने,
- जाहेरी दरखास्त प्रहरीले दर्ता नगरेकोमा सोको जाहेरी लिने,
- ढुंगा, गिट्टी र बालुवाको जथाभावी उत्खन्न भए/नभएको अनुगमन गर्ने,
- सार्वजनिक तथा गुठी जग्गाको चलअचल सम्पती संरक्षण गर्ने,
- SEE तथा अन्य परिक्षाको संचालन र अनुगमन सम्बन्धी कार्य गर्ने,
- विकास आयोजनाहरु कार्यान्वयनमा समन्वय गर्ने,
- स्थानीय तहसंग समन्वय गर्ने,
- जग्गा अधिग्रहण सम्बन्धी कार्य गर्ने,
- सरकारी निकायबाट  हुने सार्वजानिक सेवा प्रवाहको अनुगमन गर्ने,

- कुनै कार्यालयको स्पष्ट जिम्मेवारीमा नपरेको अन्य कार्य समेत गर्ने,

**ख. शाखा**

जिल्ला प्रशासन कार्यालयबाट कार्यविवरण अनुसारका कार्यहरु सम्पादन गर्नका लागि यस कार्यालयमा निम्नानुसारका शाखाहरुको व्यवस्था गरिएको छ।

१. स्थानीय प्रशासन शाखा
२. मुद्दा तथा शान्ति सुरक्षा शाखा
३. नागरिकता तथा प्रतिलिपी शाखा
४. राहदानी शाखा
५. जिन्सी शाखा
६. दर्ता शाखा
७. लेखा शाखा

**ग. कर्मचारी दरवन्दी : दरवन्दी - ३३ जना (कार्यरत २१ जना)**

| क्र.सं. | पद | दरवन्दी संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | | रिक्त |
| ३ | प्रशासकिय अधिकृत | ३ | २ | १ रिक्त |
| ३ | नायव सुव्वा | १० | ५ | ५ रिक्त |
| ४ | लेखापाल | १ | १ | |
| ५ | कम्प्युटर अपरेटर | ३ | १ | २ रिक्त |
| ६ | खरिदार | ५ | ४ | १ रिक्त |
| ७ | हलुका सवारी चालक | २ | २ | |
| ८ | कार्यालय सहयोगी | ७ | ७ | |
| जम्मा | | ३३ | २१ | |

**घ. कार्यसम्पादन अवस्था**

| क्र.सं. | सम्पादन गरेको काम | | आ.व. २०७५/७६ को जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता वितरण | बंशज | ११५८९ | |
| | | वैवाहिक अंगिकृत | १२५५ | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | | १२०७६ | |
| ४ | राहदानी सिफारिस | | ६३६४ | |
| ५ | राहदानी वितरण | | ५५७० | |
| ६ | गुनासो वा ठाडो उजुरी | | ९८६ | |
| ७ | नाम,थर उमेर आदि प्रमाणित | | ८१४ | |
| ८ | नावालकको परिचयपत्र वितरण | | ११५ | |
| ९ | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस | | ५ | |

| क्र.सं. | सम्पादन गरेको काम | आ.व. २०७५/७६ को जम्मा | कैफियत |
|---|---|---|---|
| १० | संस्था दर्ता | १८० | |
| ११ | संस्था नविकरण | १२८ | |
| १२ | संस्थाको विधान संशोधन | ७ | |
| १३ | दलित,आदिवासी/जनजाती लगायत विविध सिफारिस | २५१५ | |
| १४ | पत्रपत्रिका दर्ता | ४ | |
| १५ | हातहतियार नामसारी | ५ | |
| १६ | हातहतियार जिल्ला भित्रको नविकरण | २१५ | |
| १७ | हातहतियार नेपाल भरिको नविकरण | २१ | |
| १८ | विष्फोटक पदार्थ इजाजतपत्र | - | |
| १९ | विष्फोटक पदार्थ इजाजतपत्र नविकरण | - | |
| २० | सार्वजनिक अपराध/सार्वजानिक शान्ति विरुद्वका कसुर सम्वन्धी मुद्दा दर्ता | १५७ | |
| २१ | सार्वजनिक अपराध/सार्वजानिक शान्ति विरुद्वका कसुर सम्वन्धी मुद्दा फर्छौट | १२४ | |
| २२ | एकीकृत घुम्ति सेवा शिविर | ३ | |
| २३ | बजार अनुगमन | २ | |
| २४ | विपद् राहत वितरण | १८,७३,००० | |
| २५ | **बैठक संचालन** | | |
| | जिल्ला सुरक्षा समिति | ३३ | |
| | कार्यालय प्रमुख | १० | |
| | सूचना अधिकारी | २ | |
| | विपद् व्यवस्थापन समिति | १४ | |
| | अन्य बैठक समेत | १० | |
| २६ | **राजश्व संकलन (आ.व. ०७५/०७६)** | | |
| | राहदानी | २,४९,७२,५०० | |
| | संघसंस्था दर्ता/नविकरण | ९,३१,९०० | |
| | न्यायिक दस्तुर | ४,३१,३३० | |
| | हातहतियार दर्ता/नविकरण | २,८५,५०० | |
| | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५८,३०० | |
| | परिक्षा शुल्क | १,५०० | |
| | शिक्षा क्षेत्रको आम्दानी | ६३,०८,३०० | |
| | बेरुजु | ३९,००० | |
| २७ | **कार्यालयको खर्च विवरण (आ.व. ०७५/०७६)** | | |

| क्र.सं. | सम्पादन गरेको काम | आ.व. २०७५/७६ को जम्मा | कैफियत |
|---|---|---|---|
| | पूजीगत तर्फ | ११,०१,८७५ | |
| | चालु तर्फ | १,८८,२८,५१६।८६ | |

### ङ. जिल्ला प्रशासन कार्यालयबाट सुशासन/ सार्वजानिक सेवा प्रवाहका सम्वन्धमा भएका मुख्य/मुख्य प्रयासहरु;

#### १. जिल्ला प्रशासन सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्यवयन

नेपाल सरकार, गृह मन्त्रालयबाट जारी गरिएको **गृह प्रशासन सुधार कार्ययोजना २०७४** तथा समय समयमा प्राप्त अन्य निर्देशन अनुसार कार्य भइरहेको र प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयसंग आवश्यक समन्वय भई कार्य भइरहेको । जिल्लामा शान्ति सुरक्षा व्यवस्था, सार्वजानिक सेवा प्रवाह/सुशासन, सूचना प्रविधिमा आधारित जिल्ला प्रशासन, जनशक्ति व्यवस्थापन, विपद जोखिम न्यूनिकरण तथा क्षमता अभिवृद्घि, अनुशासन र सदाचारिता, सामाजिक अपराध न्यूनीकरण लगायतका विषयहरुमा विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने गरी सरोकारवाला व्यक्ति, पदाधिकारी तथा निकायहरु (*कर्मचारी/आधिकारीक ट्रेड युनियन, विषयगत कार्यालयहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, नागिरक समाज, राजनैतिक दल लगायत*) को राय सुझाव समेतका आधारमा कार्ययोजना तर्जुमाको क्रममा रहेको छ ।

#### २. सेवाग्राहीहरुका लागि Wifi र शुद्ध खानेपानी

सेवाग्राही मैत्री कार्यालय वातावरण सिर्जनाका लागि २०७५ भदौ मसान्तदेखि कार्यालय परिसर भित्र Free Wifi तथा शुद्ध खानेपानी (तातो, चिसो) को व्यवस्था मिलाईएको छ । सेवाग्राहीहरुले सेवा प्राप्तिको क्रममा गर्नुपर्ने प्रतिक्षाको समय व्यवस्थापनका लागि उक्त सेवाहरु प्रयोग गर्ने गरेका छन् ।

#### ३. लैङ्गिक मैत्री शौचालय व्यवस्थापन

कार्यालयमा पुरुष तथा महिला सेवाग्राहीहरुको लागि छुट्टा छुट्टै सफा तथा पर्याप्त पानीको सुविधा सहितको शौचालयको व्यवस्था गरिएको छ ।

#### ४. प्रतिक्षालय

कार्यालय परिसरमा रहेको प्रतिक्षालय भित्र सेवा प्राप्तिका लागि आवश्यक पर्ने सूचना, फारम, निवेदन लेख्नका लागि कागज, कलम, स्ट्याम्प प्याड लगायतका सामाग्रीहरु व्यवस्थापन गरिएको छ ।

#### ५. कार्यालयका गतिविधिहरु Website, Facebook page, Twitter र SMS मार्फत नियमित रुपमा अद्यावधिक गर्ने गरिएको:




कार्यालयका सम्पूर्ण गतिविधिहरु,मासिक प्रगति,सूचना, जानकारीहरुलाई कार्यालयको Web site([www.daorautahat.moha.gov.np](http://www.daorautahat.moha.gov.np)), Facebook page(daorautahat), Twitter (@daorautahat) र SMS (MoHA) मार्फत नियमित रुपमा अद्यावधिक गरी सार्वजानिक गर्ने गरिएको छ । जसबाट सेवाग्राहीहरुको सुचनाको हक कार्यान्वयनमा सुनिश्चित भएको छ । जिल्ला प्रशासन कार्यालयका साथै जिल्लामा रहेका सबै सरकारी कार्यालयहरुको **Website**, facebook पेज सञ्चालन मा रहेको छ ।

६. **CCTV जडान तथा Networking/ड्रोन अनुमति**

जिल्ला प्रशासन कार्यालय परिसर भित्र सेवाग्राही तथा कर्मचारीहरुका गतिविधी निगरानी हुने गरी ५ वटा CCTV जडान गरीएको छ। साथै सामाजिक अपराध, अवैध चोरी पैठारी, अवैध वस्तुको ओसारपसार, सडक दुर्घटना लगायतका गतिविधिहरु न्यूनिकरण गरी जिल्लामा शान्ति सुरक्षा र अमनचयन कायम गर्नका लागि गौर वि.पि. चौक देखि भन्सार नाका सम्म CCTV जडान गरी सम्बन्धित प्रहरी चौकीहरुमा Networking गर्नका लागि स्थानीय तहसंगको अनुरोधमा जडान कार्य भइसकेको छ। साथै गृह मन्त्रालयवाट काठ नेपाल प्रा.लि.ले मिति २०७५।११।२५ गते यस जिल्लाको गरुडा न.पा.मा सम्मानीय प्र.म. केपी शर्मा ओलीज्यूको भ्रमणको बेला अनुमति लिएको र हुलाकी राजमार्ग आयोजना कार्यालय बिरगंज, पर्साले मिति २०७६।०२।२५ गते देखि २०७६।०२।३० सम्म दुर्गा भगवती गा.पा.को लागि अनुमति लिएको।

७. **सबै सरकारी कार्यालयहरुमा Fire Estinguisher जडानको प्रक्रिया शुरु**

रौतहट जिल्ला आगलागीको दृष्टिले संवेदनशील क्षेत्र भएतापनि अग्नी नियन्त्रक उपकरणको अभाव भएकोले हरेक सरकारी कार्यालयले कम्तिमा १/१ वटा Fire Extinguisher जडानका लागि प्रक्रिया शुरु गरि सकिएको छ। साथै स्थानीय तह अन्तर्गत सरकारी कार्यालयहरुमा साथै बजार क्षेत्र,बैक वित्तीय संस्था,होटल तथा ठूला व्यवसायिक भवन हरुमा कम्तिमा १/१ वटा उच्च क्षमताका Fire Extinguishers राख्ने कार्य सुरुवात भएको छ।

८. **Help Desk सञ्चालन**

कार्यालयबाट प्रवाह हुने सेवा प्राप्तिको प्रक्रियाका वारेमा सेवाग्राहीहरुलाई सहयोग गर्ने साथै निवेदन, फारमहरु (फारम भर्न विशेषज्ञता आवश्यक पर्ने बाहेक जस्तै;लिखत/राहदानी) Help Desk बाटै लेख्ने/भर्ने व्यवस्था मिलाईएको छ। साथै जिल्लाका सवै सरकारी कार्यालयहरुमा सो को व्यवस्थापनका लागि अनुरोध गरिएको छ।

९. **SMS Alert system सञ्चालन**

विपद सम्बन्धि घटनाको जानकारी यथाशिघ्र सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु, माननीय सभासदज्यूहरु, जिल्ला स्थित राजनैतिक दलका प्रमुखहरु, स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, सरकारी कार्यालयका प्रमुख, स्थानीय प्रहरी चौकीका प्रमुख तथा पत्रकारहरुलाई एकैपटक गराइदै आएको छ। जसवाट जिल्लामा घटेका विपद्का घटनाहरुको वारेमा सरोकारवालाहरुलाई जानकारी हुनुका साथै विपद् पूर्वतयारी,प्रतिकार्य तथा पुनर्लाभको जिम्मेबारी पाएका सरकारी निकाय तथा गैरसरकारी निकायहरुलाई आफ्नो तयारी तथा सतर्क रहन सहयोगी भएको छ। विपद् सम्बन्धि सन्देश बाहेक का क्षेत्रहरुमा समेत यो व्यवस्था कार्यान्वयन गरिएको छ।

१०. **सबै सरकारी कार्यालयमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था**

जिल्लास्थित सबै सरकारी कार्यालयहरुबाट आफ्नो कार्यालयसग सम्बन्धित सूचना सम्प्रेषण गर्नका लागि जिम्मेबार कर्मचारीलाई सूचना अधिकृत तोकीएको छ।

११. **विद्युतीय (ई) हाजिरी सञ्चालन**

जिल्ला प्रशासन कार्यालयले २०७५ श्रावण १ गते देखि कार्यालयका सबै कर्मचारीहरुको ई - हाजिरी सुरु गरेको छ। त्यस्तै जिल्लामा रहने सबै कार्यालयहरुले विद्युतीय हाजिरीको सुरुवात गर्नका लागि अनुरोध गरिएको छ।

१२. **Digital Citizen Charter व्यवस्थापन**

जिल्ला प्रशासन कार्यालयले प्रवाह गर्ने सेवा, मापदण्ड लगायत यस जिल्लाको धार्मिक, पर्यटकिय क्षेत्रहरु, सामाजिक अपराध सम्बन्धि जानकारीमूलक श्रब्य दृष्य सामाग्रीहरु **Digital Citizen Charter** मार्फत प्रशारण गर्ने तयारी भइ रहेको छ।

१३. **बजार अनुगमन**

खाद्यान्न,औषधी तथा दैनिक उपभोग्य वस्तु तथा सेवाहरुको सरल र सहज आपूर्ति, गुणस्तर र लागतलाइ जनअपेक्षित तुल्याउन स्थानीय तहहरुको समन्वयमा नियमित रुपमा वजार अनुगमन भैरहेको छ।

१४. **एकिकृत घुम्ती सेवा शिविर सम्बन्धमाः-**




रौतहट जिल्लाको देवाही गोनाही नगरपालिकामा मिति २०७५/०७/१५ गते एकिकृत घुम्ती सेवा शिविर सञ्चालन गरिएको छ । उक्त शिविरमा २५० जनालाई नागरिकता वितरण गरिएको थियो। त्यस्तै चन्द्रपुर नगरपालिकाको वडा नं. २ र ३ मा मिति २०७६।०१।२० र २१ गते एकिकृत घुम्ति शिविर संचालन गरिएको थियो। उक्त शिविरमा ९९ जनालाई नागरिकता वितरण तथा फोटोसहितको मतदाता नामावली दर्ता गराएका छन् । घुम्ती शिविरमा सरकारी वकिल कार्यालयले परिवर्तित मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि, ।नेपाली सेना इन्द्रबक्स गण पुरेनवा रौतहट र सशस्त्र प्रहरी बल नेपालले विपद व्यवस्थापन सम्बन्धि जनचेतना मुलक श्रव्यदृश्य प्रदर्शन, भर्ना, शर्प दंश र Improvised Explosive Device (IED) सम्बन्धि सचेतना कार्यक्रम गरेको थियो। त्यस्तै, नेपाल प्रहरीले घुम्ती शिविरमा सहयोग, सुरक्षाको प्रबन्ध र ट्राफिक सम्बन्धि पर्चा पम्प्लेट बितरण गरेको थिय, त्यसैगरी स्वास्थ्य कार्यालयले स्वास्थ्य परिक्षण, कृषि ज्ञान केन्द्रले तरकारीको बिउ बिजन बितरण, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पशु सम्बन्धि औषधि बितरण र घरेलु तथा साना उद्योग कार्यालयले नबिकरण तथा व्यवसाय सम्बन्धि जानकारी प्रदान गरेका थिए।

१५. **मनसुन आपतकालीन कार्ययोजना/ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Recovery Plan-DPRP) २०७६ तर्जुमा, प्रकाशन, प्रवोधिकरण तथा कार्यान्वयन:**

जिल्ला विपद् व्यवस्थापन समिति रौतहटबाट **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना(Disaster Preparedness and Response Plan) रौतहट २०७६** स्वीकृत भइ कार्यान्वयनको क्रममा छ । उक्त योजनामा मूलत: रौतहट जिल्लामा देखा पर्ने विपद्का सबै क्षेत्रहरु (बाढी, असीनापानी, हावाहुरी, आगलागी, शितलहर, वन्यजन्तु आक्रमण लगायत) को पूर्वतयारी तथा प्रतिकार्य गर्ने गरी क्रियाकलाप समावेश गरिएको, विपद् व्यवस्थापनका लागि सवै गैसस, निजी क्षेत्रले समेत लागत साझेदारी गर्नुपर्ने व्यवस्था गरिएको, विपद व्यवस्थापन अन्तर्गत पूर्वतयारीका कार्यहरुलाइ विशेष जोड दिने साथै स्थानीय तहबाट विपद् व्यवस्थापनका कार्यहरुलाइ प्रभावकारी वनाउने सम्बन्धमा विभिन्न क्रियाकलापहरु समावेश गरिएको छ।



१६. **शितलहरजन्य प्रकोपको पूर्व तयारी/प्रतिकार्यका लागि न्यानो कपडा(Blanket) वितरण तथा बाढी पिडितहरुलाई विभिन्न किसिमका राहत सामग्री वितरण**



Disaster Preparedness and Response Plan (DPRP) अनुसार शितलहर, असिना पानी, हावाहुरी जन्य प्रकोपबाट प्रभाव पर्न सक्ने क्षेत्रका विपन्न परिवारहरुलाई न्यानो कपडा (Blanket) वितरण गर्ने योजना अनुसार जिल्लामा रहेको सबै गाउँपालिका/नगरपालिका अन्तर्गत ४० वटाका दरले न्यानो कपडा (Blanket) शितलहर प्रकोप प्रतिकार्यका लागि वितरण गरिएको छ । साथै २०७६ असाढ २८ गते आएको भिषण बाढीका पिडितहरु तथा बाढीका कारण मृत्यु भएका मृतकका परिवारलाई संघ, प्रदेश तथा स्थानीय सरकार एवम् विभिन्न गैर सरकारी संस्थाहरुको सहयोगमा राहत सामग्री वितरण र आर्थिक सहयोग वितरण गरिएको । साथै इशनाथ नगरपालिकाको वडा नं. १ र २ बन्जरहामा बाढी पिडितहरुको लागि सदरमुकाम गौरवाट लालबकैया खोला हुंदै डुंगावाट खाद्य समाग्री पुर्याएको ।

१७. **भारतीय समकक्षी संग बैठक सम्पन्न**

रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुख तथा भारतको सितामढी, मोतिहारी र पर्सा जिल्लाको बिरगंजमा सुरक्षा अधिकारीहरु वीच नियमित रुपमा समन्वय हुने संयन्त्र रहेको छ । उक्त संयन्त्रको बैठक कम्तिमा वर्षमा २ पल्ट र आवश्यकतानुसार पारस्पारिक रुपमा नेपाल सरकार गृह मन्त्रालयको अनुमतिमा हुने व्यवस्था रहेको छ । दुई देशका स्थानीय अधिकारीहरुवीच भारतमा सबै नेपालीहरुलाई सहज प्रवेश अनुमति, सीमाजन्य आपराधिक गतिविधि न्यूनिकरण, सून लगायतका अवैध वस्तुहरुको चोरी तस्करी नियन्त्रण, लगायतका पारस्पारिक हितका विषयमा छलफल भई सम्झदारी हुने गरेको छ ।

**२०. लागू औषध दुरुपयोग एवं ओसारपसार विरुद्ध अन्तरार्ष्ट्रिय दिवस**




लागू औषध दुरुपयोग एवं ओसारपसार विरुद्ध अन्तरार्ष्ट्रिय दिवस जुन २०-२६,२०१९ सप्ताहव्यापी कार्यक्रमको कार्ययोजना अनुरुप मिति २०७६।०३।११ गते विहान ७:३० बजे यस जिल्लाको गौर वि.पी. चौक देखि प्रभातफेरी कार्यक्रम शुरु भएको र नेपाल प्रहरीद्वारा यस जिल्लाका जुद्ध मा.वि., नेमधारी बासुदेव मा.वि. र मध्य बहुमुखी उच्च मा.वि. लगायत अन्य मा.वि.हरुमा लागू औषध दुरुपयोग एवं ओसारपसार बिरुद्ध जनचेतना मूलक कार्यक्रमहरु भएको र जिल्ला समन्वय समितिको प्राङ्गनमा भेला भई प्र.जि.अ. किरण थापाको अध्यक्षतामा गौर न.पा.का मेयर अजय कुमार गुप्ताज्यूको प्रमुख आतिथ्यता, जिल्ला स्थितका सुरक्षा निकायका प्रमुखहरु, कार्यालय प्रमुखहरुको सहभागिता तथा आर.डी.सी. नेपालको सहकार्यमा लागू औषध दुरुपयोग एवं ओसारपसार विरुद्ध विभिन्न कार्यक्रमहरु भएको ।

**२१. २०७६ असार २८ गते आएको बाढीको अवस्था**

२०७६ असार २८ गते आएको बाढीले यस जिल्लामा ४४५९ घरधुरी पूर्ण रुपमा क्षति भएको, १६३३५ घरधुरी आंशिक रुपमा क्षति भएको । सो बाढीमा २२ जनाको मृत्यु भई २ जना वेपता रहेको । यस कार्यालय तथा विभिन्न सरकारी/ गैर सरकारी संघ संस्थाहरुवाट बाढी पिडितहरुलाई उद्धार गरिएका प्रयासहरु :









**च. जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण**

| क्र.सं. | नाम,थर | पद | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | किरण थापा | प्रमुख जिल्ला अधिकारी | दुहवी, सुनसरी | ९८५५०३७७७७ |
| २ | छोटे लाल दास | प्रशासकीय अधिकृत | अचलगढ, सर्लाही | ९८५५०४०२६१ |
| ३ | शशि मोहन दास | प्रशासकीय अधिकृत | गौडैता, सर्लाही | ९८५५०४५५२८ |
| ४ | बेनी पंडित | नायब सुब्बा | गौर, रौतहट | ९८४५२६३५८३ |
| ५ | रामस्वार्थ राय यादव | नायब सुब्बा | पतौरा -१, रौतहट | ९८६५०६६२२० |
| ६ | रामनरेश साह | नायब सुब्बा | राजदेवी -६, रौतहट | ९८४१९७९४६० |
| ७ | सृजना तिवारी | नायब सुब्बा | गोरखा | |
| ८ | संजय कुमार झा | लेखापाल | गौर -७, रौतहट | ९८५५०४४५७२ |
| ९ | विनय कुमार मल्लिक | कम्प्युटर अपरेटर | सिम्रौनगढ -६, बारा | ९८४५१२२३६३ |
| १० | समिर सिलवाल | खरिदार | मधुवन, पर्सा | |
| ११ | उपेन्द्र राय अमात | खरिदार | धनुषा | ९८४४०२४५८८ |
| १२ | रविन पौडेल | खरिदार | रामेछाप | ९८५४०४०९९९ |
| १३ | उमेश प्रसाद | खरिदार | दिपही, रौतहट | ९८०४२०२७३६ |
| १४ | रुपेश प्रसाद यादव | स. कम्प्युटर अपरेटर | विरगज ,पर्सा | ९८४५७८६०८७ |
| १५ | गौरी शंकर साह | हलुका सवारी चालक | गौर, रौतहट | ९८६२२१५५०० |
| १६ | लक्ष्मी बैठा | हलुका सवारी चालक | गौर, रौतहट | ९८६५१३०६५८ |
| १७ | हरि चौधरी | कार्यालय सहयोगी | डुमरिया म. , रौतहट | ९८४५१६२६५५ |
| १८ | रामसागर केशरी | कार्यालय सहयोगी | गौर, रौतहट | ९८४५०४०५६४ |
| १९ | बब्लु कुमार साह | कार्यालय सहयोगी | गौर, रौतहट | ९८०९२०८१९९ |
| २० | हरेन्द्र प्रसाद सिंह | कार्यालय सहयोगी | बलरा, सर्लाही | ९८४५५७९६८४ |
| २१ | इन्द्र जंग राई | कार्यालय सहयोगी | रौतहट | ९८४५४१४९६८ |
| २२ | अनु सिंह | कार्यालय सहयोगी | बलरा, सर्लाही | |

**छ. यस कार्यालय अन्तर्गत २ वटा इलाका प्रशासन कार्यालय रहेको**

- **चन्द्रनिगाहपुर ईलाका प्रशासन कार्यालय**

| क्र.सं. | नाम,थर | पद | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | चेतराज बराल | उपसचिव | लालबन्दी, सर्लाही | ९८५५०४१६१४ |
| २ | हेमराज फुयाल | शाखा अधिकृत | लालबन्दी, सर्लाही | ९८५१२३९९८० |
| ३ | खड्क प्रसाद काफ्ले | ना.सु. | लालबन्दी, सर्लाही | ९८४४०४२४५२ |
| ४ | सम्झना लुइटेल | ना.सु. | | ९८४९६६४०७६ |
| ५ | अनिल जि.सी. | ना.सु. | | ९८५५०४१४१८ |
| ६ | सुजाता सापकोटा | ले.पा. | | ९८५५०४१३५१ |
| ७ | पुजा कंडेल | स.क.अ. | | ९८४५९००२४५ |
| ८ | भैरव बहादुर खत्री | का.स. | | ९८४५८७६५६६ |
| ९ | रुद्र बहादुर खत्री | का.स. | | ९८०९११८९९२ |
| १० | कमलेश चौधरी | ह.स.चा. | | ९८४५७१३४८९ |

- **गरुडा ईलाका प्रशासन कार्यालय, गरुडा**

| क्र.सं. | नाम,थर | पद | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | अमृत श्रेष्ठ | का.मु.शा.अ. | चन्द्रपुर -९, रौतहट | ९८५५०४००८८ |
| २ | अशोक कुमार यादव | ना.सु. | कमला न.पा.-६, धनुषा | ९८५११९४४६६ |
| ३ | जितेन्द्र प्रसाद यादव | स.क.अ. | बौधीमाई न.पा. -९, रौतहट | ९८४५००२०९२ |
| ४ | अवधेश कुमार यादव | का.स. | गरुडा न.पा. -१, रौतहट | ९८६१४७००९१ |
| ५ | मन्जु कार्की | का.स. | गौर न.पा.-५, रौतहट | ९८४५३८७३२९ |

**छ. हालसम्म कार्यरत प्रमुख जिल्ला अधिकारीहरुको विवरण**

| सि न | नाम थर | कार्यरत अवधि | | फोटो |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | बबुअन ठाकुर | २०२४ साल | | उपलब्ध हुन नसकेको |
| २ | इश्वरी प्रसाद राज भण्डारी | २०२६ चैत्र | २०२८ असाढ | ,, |
| ३ | लखनलाल अमात्य | २०२८-४-१ | २०२८-७-१ | ,, |
| ४ | चन्द्रिकानन्द खरेल | २०२८-७-३० | २०३२ साल | ,, |
| ५ | भुवनमान कायस्थ | २०३३ साल | २०३४ साल | ,, |
| ६ | बद्रीनाथ शर्मा पौडेल | २०३४ साल | २०३५ साल | ,, |
| ७ | सुशील कान्त झा | २०३५ साल | २०३७ साल | ,, |
| ८ | दान बहादुर शाही | २०३८-९-२१ | २०३९-६-२७ | ,, |
| ९ | रामचन्द्र उपाध्याय | २०३९-७-१६ | २०४०-११-३ | ,, |
| १० | पुष्प प्रसाद लुईटेल | २०४०-११-१५ | २०४२-६-३० | ,, |
| ११ | कृष्ण प्रसाद शर्मा | २०४२-७-१ | २०४४-६-३० | ,, |
| १२ | धनबहादुर बस्नेत | २०४५-१-२७ | २०४७-३-१७ | ,, |

| सि न | नाम थर | कार्यरत अवधि | | फोटो |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १३ | बासुदेव खनाल | २०४५-५-१२ | २०४८-४-६ | ,, |
| १४ | गणेश प्रसाद भट्टराई | २०४८-८-८ | २०४९-९-३ | ,, |
| १५ | रामबहादुर खड्का | २०४९-९-८ | २०५१-१-१० | ,, |
| १६ | ललितबहादुर थापा | २०५१-१-१३ | २०५१-११-४ | ,, |
| १७ | टिकाराम अर्याल उपाध्याय | २०५१-११-५ | २०५२-२-४ | ,, |
| १८ | कृष्ण प्रसाद अधिकारी | २०५२-२-१३ | २०५३-६-१३ | ,, |
| १९ | टिकाराम अर्याल उपाध्याय | २०५३-६-१४ | २०५३-११-६ | ,, |
| २० | आत्मा राम पाण्डे | २०५३-११-१७ | २०५३-१२-३० | ,, |
| २१ | पुण्य प्रसाद न्यौपाने | २०५४-१-१ | २०५४-७-२५ | ,, |
| २२ | वामन प्रसाद न्यौपाने | २०५४-९-१६ | २०५४-१०-२२ | ,, |
| २३ | स्थानेश्वर देवकोटा | २०५४-१०-२४ | २०५४-१२-११ | ,, |
| २४ | ध्रुवराज वाग्ले | २०५४-१२-१२ | २०५५-१०-५ | ,, |
| २५ | इश्वरनारायण पाण्डे | २०५५-१०-६ | २०५६-३-२४ | ,, |
| २६ | मोहन सिंह खत्री | २०५६-३-२९ | २०५६-६-२४ | ,, |
| २७ | चन्द्रबहादुर कार्की | २०५६-६-२५ | २०५७-३-११ | ,, |
| २८ | आनन्दराज पोखरेल | २०५७-३-१२ | २०५८-३-१ | ,, |
| २९ | दयाराम शर्मा | २०५८-३-१८ | २०५८-११-२७ | ,, |
| ३० | नरेन्द्र राज पौडेल | २०५८-१२-४ | २०६०-७-३० | ,, |
| ३१ | मोहन प्रसाद आचार्य | २०६०-८-१० | २०६१-८-१८ | ,, |
| ३२ | मुकुन्द प्रसाद ढकाल | २०६१-८-२० | २०६२-२-१ | ,, |
| ३३ | ध्रुव प्रसाद शर्मा | २०६२-२-१० | २०६२-१०-१ | ,, |
| ३४ | भानुभक्त पोख्रेल | २०६२-७-६ | २०६२-१२-३० | ,, |
| ३५ | माधव प्रसाद ओझा | २०६३-५-१९ | २०६३-१२-९ | ,, |
| ३६ | दुर्गा प्रसाद भण्डारी | २०६३-१२-११ | २०६४-१२-३० | ,, |
| ३७ | शिव प्रसाद नेपाल | २०६५-२-२७ | २०६५-६-३ | ,, |
| ३८ | डा. कमलेश्वर कुमार सिन्हा | २०६५-७-६ | २०६७-३-२१ | ,, |
| ३९ | गणेश प्रसाद भट्टराई | २०६७-३-३० | २०६७-९-१८ | ,, |
| ४० | गेहनाथ भणडारी | २०६७-९-२१ | २०६७-११-३० | ,, |
| ४१ | रामप्रसाद घिमिरे | २०६८-१-१९ | २०६८-२-२३ | ,, |
| ४२ | बुद्धिबहादुर खड्का | २०६८-२-२६ | २०६८-२-३१ | ,, |
| ४३ | हरिराज पन्त | २०६८-३-१३ | २०६८-१०-२७ | ,, |
| ४४ | शिवहरी उपाध्याय | २०६८-११-१ | २०६९-१०-२० | ,, |
| ४५ | जीवन प्रसाद वली | २०६९-११-३ | २०६९-१२-२ |  |

| सि न | नाम थर | कार्यरत अवधि | | फोटो |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| ४६ | दिल बहादुर घिमिरे | २०७०-१-९ | २०७१-१-३१ |  |
| ४७ | मदन भुजेल | २०७१-२-५ | २०७२-६-२१ |  |
| ४८ | नरहरि बराल | २०७२-६-२९ | २०७३-०९-१४ |  |
| ४९ | श्री उद्दब बहादुर थापा | २०७३-९-२७ | २०७५-१-१४ |  |
| ३७ | श्री गोविन्द प्रसाद रिजाल | २०७५-१-२० | २०७५-८-१६ |  |
| ३८ | श्री लोकनाथ पौड्याल | २०७५-८-१७ | २०७५-११-१४ |  |
| ३९ | श्री किरण थापा | २०७५-११-१५ | हालसम्म |  |